आज मिति २०८१/८/१३ गते बिहिबारका दिन बिहान ८:३० बजे इलाम नगरपालिकाका प्रमुख श्री केदार थापाज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको पाँचौं बैठक बसी निम्नानुसारको निर्णय गरियो।

उपस्थिति:-

प्रमुख श्री केदार थापा
उपप्रमुख श्री बिष्णु कुमारी लिम्बु हाङ्गल
वडाध्यक्ष श्री गायत्रीराज बस्नेत
,, श्री गिरिराज रिजाल
,, श्री हेम बहादुर सुनुवार
,, श्री नुतनदेव दुलाल
,, श्री काजी बहादुर श्रेष्ठ
,, श्री दुर्गा श्रेष्ठ
,, श्री नरेश श्रेष्ठ
,, श्री दलमान तामाङ
,, श्री गोपाल चौहान
,, श्री ओमनाथ प्रधान
,, श्री टंसी आबेङ
,, श्री लखमान लिम्बु
का.पा.स. श्री गायत्री राई
,, श्री सरिमाया कामिनी
,, श्री धनमाया लिम्बु
,, श्री कुमारी फेयाङु
,, श्री बिन्दे लिम्बु
,, श्री विरेन्द्र बहादुर कार्कि
,, श्री देवेन्द्र भुषिया
,, श्री दिपक तिवारी
सचिव प्र.प्र.अ. श्री गणेश कुमार खड्का

बैठक व्यवस्थापन कर्मचारी:-
लेखा अधिकृत श्री नारायण ढकाल
प्र.अ. श्री बबुल मल्लराज
अधिकृत छैठौं श्री कमल कुमार मैनाली

## इलाम नगरपालिका पाँचौ कार्यपालिका बैठकको निर्णय मिति २०८१/०८/१३

**निर्णय नं. १**

नगर कार्यपालिकाको अघिल्लो बैठकका निर्णयहरु कार्यान्वयन प्रगति सम्बन्धमा छलफल तथा समीक्षा गरियो । अघिल्लो बैठकका निर्णयहरु नतिजामुखी कार्यान्वयनका लागि निम्नानुसार गर्ने गराउने व्यवस्था मिलाउने।

१. इलाम नगरपालिकाबाट वितरण भैरहेको शहरी खानेपानीको महशुल समायोजनको लागि प्राप्त हुने निवेदनहरु न्यून रुपमा आउने गरेकोमा निवेदननै नआउने वातावरणको लागि सम्बन्धित वडाका वडाध्यक्षज्यूको संयोजकत्वमा खानेपानी शाखाका कर्मचारीहरु समेतबाट भैरहेको अनुगमन कार्यलाई अझ तिव्रताका साथ कार्यान्वयन गर्ने ।

२. विभिन्न मितिहरुमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझावहरु कार्यान्वयन गर्ने गरिएको ।

३. अटो भाडा निर्धारण समितिले नयाँ स्थानहरुको भाडा निर्धारण गरी सोको प्रतिवेदन पेश गर्ने ।

**निर्णय नं. २**

इलाम नगरपालिकाको कार्यपालिकाबाट मिति २०८१।६।६ मा स्वीकृत बहुतले भवनको भाडा/बहाल व्यवस्थापन कार्यविधि, २०८१ मा निम्नानुसार संशोधन गर्न आवश्यक भएकोले पहिलो संशोधन गर्ने निर्णय गरियो ।

| हाल भएको | संशोधन वा थप गर्नेपर्ने | कारण |
|---|---|---|
| दफा-९ को उपदफा-१९(३)- बहाल सम्झौता अवधि १५ बर्ष रहने । | दफा-९ को उपदफा-१९(३)- बहाल सम्झौता अवधि २५ बर्ष रहने । | बहालमा लगाइने संरचनाको प्रकृति र निजी लगानीको परिमाण बमोजिम अवधि थप गर्नु पर्ने देखिएकोले |

**निर्णय नं ३**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, च.नं.१४५८२ मिति २०८१/०६/०२ को सुझाव कार्यान्वयन सम्बन्धमा लेखि आएको पत्रको सन्दर्भमा सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ पूर्णरुपमा परिपालना गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

इलाम नगरपालिका भित्र संचालनमा रहेका विद्यालय व्यवस्थापन समितिको म्याद समाप्त हुने सामुदायिक विद्यालयहरुमा विद्यालय व्यवस्थापन समितिको गठन प्रकृया संघीय शिक्षा ऐन र नियमावली बमोजिम अघि बढाउने गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

इलाम नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र छानविन समितिको मिति २०८१।०८।११ को निर्णय सहितको सिफारिस बमोजिम "घ" वर्गको निर्माण व्यवसायीको लागि सिफारिस भएका देहायका निवेदकहरुलाई निर्माण व्यवसाय इजाजत-पत्र उपलब्ध गराउने ।

देहाय :-

| सि. नं. | आवेदकको नाम र ठेगाना | प्रस्तावित फर्मको र ठेगाना | निर्माण व्यवसायिको इजाजत प्रदान हुन सिफारिस गरिएको फर्मको नाम, प्रोपाइटरको नाम र ठेगाना |
|---|---|---|---|
| १ | श्री स्वर्णीम दहाल, इ.न.पा.-०७, इलाम | ध्रुवतारा बिल्डर्स, इ.न.पा.-०७, इलाम | ध्रुवतारा बिल्डर्स, इ.न.पा.-०७, - इलाम, प्रो. श्री स्वर्णीम दहाल, इ.न.पा.-०७, इलाम, |
| २ | श्री मन राज सुनुवार इ.न.पा.-०३, | कोईचि निर्माण सेवा, इ.न.पा.-०३, | कोईचि निर्माण सेवा, इ.न.पा.-०३, |

CamScanner

| | | | |
|---|---|---|---|
| | इलाम | इलाम | इलाम, प्रो. श्री मन राज सुनुवार इ.न.पा.-०३, इलाम |
| ३ | बिकाश बिक्रम बुढाथोकी, इ.न.पा.-०९, इलाम | बि बि बि निर्माण सेवा, इ.न.पा.-०९, इलाम | बि बि बि निर्माण सेवा, इ.न.पा.-०९, इलाम, प्रो. बिकाश बिक्रम बुढाथोकी, इ.न.पा.-०९, इलाम |

**निर्णय नं. ६**

इलाम नगरपालिका वडा नं.१ को च.नं.३०४ मिति २०८१।०८।०५ को पत्रानुसार चालु आ.व.०८१/०८२ को स्वीकृत कार्यक्रममा समावेश भएका तपशीलका योजनाहरुलाइ आगामी नगरसभाबाट अनुमोदन गराउने गरि शिर्षकान्तर गर्ने निर्णय गरियो ।

| क्र.सं. | खर्च संकेत नं. | साबिक योजनाको नाम | विनियोजित रकम | संशोधन गरिएको योजना शिर्षकको नाम | कैफियत |
|---|---|---|---|---|---|
| ८९ | ३११५६ | प्लाष्टिक टयाङ्की तथा पाइप वितरण | २,००,०००।- | नेपालटार गुरुङ्गगाउँ, बिष्टगाउँ रिङ्गरोड सडक स्तरोन्नती | |
| २७९ | ३११७१ | चर्च जाने बाटो स्तरोन्नती | ५०,०००।- | खत्री गोलाईबाट फलाटे हुँदै कृषि अनुसन्धान केन्द्र जाने सडक स्तरोन्नती | |

**निर्णय नं. ७**

संघीय सशर्त वजेट अन्तर्गतको कार्यक्रममा रहेको नगरपालिकाको नगर शिक्षा योजना निर्माणका लागि निम्नानुसारको समिति गठन गरि जिम्मेवारी दिने निर्णय गरियो।

निम्न :-

१. सामाजिक विकास समिति संयोजक – अध्यक्ष
२. श्री खडानन्द अधिकारी – सदस्य
३. का.पा. सदस्य श्री दिपक त्रिखत्री – सदस्य
४. प्र.अ. श्री उमेश बुढाथोकी – सदस्य
५. शिक्षा शाखा प्रमुख- सदस्य सचिव

**निर्णय नं. ८**

सडक बोर्ड नेपाल मिनभवन काठमाडौंको मिति २०८१/०६/१३ को प सं २०८१-०८२, च नं ४४० को आ व २०८१/०८२ को बजेट स्वीकृत सम्बन्धमा विषयको पत्र बमोजिम यस इलाम नगरपालिकालाइ सडक बोर्ड नेपाल मार्फत स्वीकृत बजेट रु ७०,००,०००।– तथा इलाम नगरपालिकाले ब्योहोर्नुपर्ने समपुरक कोष (Matching Fund) रु ३०,०४,८८७.९७।– गरि जम्म रु १,००,०४,८८७.९७।– को तपसिल बमोजिमको योजना छनौट गरेर वार्षिक कार्यक्रम स्वीकृत गरि सहमतिको लागि पेश गर्ने निर्णय गरियो।

तपसिल:

छनौट योजना: इलाम नगरपालिका क्षेत्र अंन्तर्गत वडा नं ६,७,९ तथा १२ अन्तर्गका विभिन्न सडकहरु मर्मत (Different Road Maintenance Work of Ilam Municipality Ward no ६,७,९, and १२)

# इलाम नगरपालिका पाँचौ कार्यपालिका बैठकको निर्णय मिति २०८१/०८/१३

निर्णय नं. ९

आगामी नगरसभामा शिक्षक सम्मान तथा नगर शिक्षा पदकका लागि उत्कृष्ट शिक्षक छनौटका आधारहरु निम्नानुसार कायम गर्ने निर्णय गरियो।

जम्मा पूर्णाङ्क-१००

क) सिकाई उपलब्धी (सम्बन्धित विषय/कक्षाको औषत प्राप्ताङ्क)- कूल अंक-६०
ख) सेवा अवधी- कूल अंक-१५
ग) शिक्षक आचार संहिताको पालना- कूल अंक-१०
घ) नियमितता (हाजिरी)- कूल अंक-१०
ङ) कक्षा समय- कूल अंक-५

निर्णय नं. १०

शिक्षक सम्मान तथा नगर शिक्षा पदकका लागि उत्कृष्ट शिक्षक छनौट गर्न निम्नानुसारको ५ सदस्यीय समिति गठन गर्ने निर्णय गरियो।

निम्न :-

क) इलाम नगरपालिकाका सामाजिक विकास समितिका संयोजक- अध्यक्ष
ख) नगर शिक्षा समिति सदस्य श्री खडानन्द अधिकारी- सदस्य
ग) पूर्व शिक्षक श्री गोपाल नेपाल- सदस्य
घ) नगर प्याब्सन अध्यक्ष श्री सिनेट श्रेष्ठ- सदस्य
ङ) शिक्षा शाखा प्रमुख- सदस्य सचिव

निर्णय नं. ११

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत इलाम नगरपालिका भित्र सूचिकृत भएका बेरोजगार श्रमिकहरुको कार्यस्थलमा आधारित निम्नानुसारको सीप विकास तालिम अन्तर्गत प्लम्बिङ र इलेक्ट्रिसियन तालिम छनौट गरि संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

इलाम नगरपालिका वडा नं.७ स्थित मोटर साइकल पार्किङ्ग भवनको जमिन तला र पहिलो तला बहाल/ भाडामा लगाउन इलाम नगरपालिकाको बहाल/भाडा कार्यविधि बमोजिम सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

यस कार्यालय अन्तर्गत मातृशिशु क्लिनिकमा कार्यरत सि.अ.न.मी (क.सं.नं.२१०७८७) श्री सुनिता बस्नेतको अध्ययन बिदा नियमानुसार संझौता गरी स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

हिंसापीडित महिला आश्रय केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो ।

CamScanner

# इलाम नगरपालिका पाँचौ कार्यपालिका बैठकको निर्णय मिति २०८१/०८/१३

## निर्णय नं. १५

इलाम नगरपालिका अन्तर्गतका सबै माध्यामिक विद्यालय र कक्षा ६-८ संचालनमा रहेका सबै आधारभुत विद्यालयमा ICT को कार्यक्रम कार्यान्वयन भइसकेकोमा कक्षा १-५ संचालन भएका विद्यालयहरुमा मात्र कार्यक्रम संचालन हुन बाँकी रहेको । हाल कक्षा १-५ संचालन भएका आधारभुत विद्यालयहरुमा कम्प्युटर र प्रिन्टर एक थान समेत नहुँदा डिजिटल हाजिरी, अनलाइन प्रतिवेदन तथा प्रशासनिक कार्यहरु सम्पादनका लागि असहजता हुँदै आएको तथा चालु आ. व. मा संघिय सशर्त कार्यक्रम अन्तर्गत ICT कार्यक्रमका लागि विनियोजित बजेट र कार्यक्रम संघीय कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ बमोजिम ३ वटा कक्षा १-५ संचालन भएका आधारभूत विद्यालयहरुमा मात्र कार्यान्वयन गर्दा उपयोगी र उपयुक्त नहुने हुँदा कक्षा १-५ संचालन भएका आधारभुत विद्यालयहरुका लागि न्यूनतम एक/एक थान कम्प्युटर र प्रिन्टर शिक्षा शाखाले नियमानुसार खरिद गरि अनुदानका रुपमा उपलब्ध निर्णय गरियो।

## निर्णय नं. १६

इलाम शहरी खानेपानी आयोजना उपभोक्ता समितिको अनुरोध र इलाम नगरपालिका नगर कार्यपालिका र नगर सभाको निर्णय बमोजिम सो आयोजनाको संचालन र महसुल संकलन इलाम नगरपालिकाले गर्दै आएको हुँदा सो आयोजना निर्माणका लागि इलाम नगरपालिकाको जमानीमा नगर विकास कोषबाट लिइएको ऋणको किस्ता बापत रु ५०००००० (पचास लाख) पछि आयोजना हस्तान्तरण हुँदाका बखत हिसाब मिलान गर्ने गरि हाललाइ गत आ.व.को अ.ल्या. बजेट शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

## निर्णय नं. १७

इलाम नगरपालिका र सन्दकपुर गाउँपालिकाका साझा हितका विषय क्षेत्र संग सम्वन्धित सन्दकपुर गाउँपालिका स्थित इलाम नगरपालिकाको मुहान क्षेत्रमा केहि महिना अघिको बर्षातको कारण क्षतिग्रस्त भएका सडकहरुको मर्मत संभार योजना सन्दकपुर गाउँपालिकाले नै कार्यान्वयन गर्ने गरि इलाम नगरपालिको तर्फबाट व्यहोर्नु पर्ने साझेदारी अन्तर्गतको रकम रु ५००००० (पाँच लाख) सन्दकपुर गाउँपालिकाको संचितकोषमा जम्मा हुने गरि भुक्तानी दिने निर्णय गरियो ।
इलाम नगरपालिकाका उपप्रमुखज्यूबाट प्रस्तुत अनुगमन प्रतिवेदन उपर छलफल गरियो ।

## निर्णय नं १८

उप- प्रमुख विष्णुकुमारी लिम्बु दहालबाट पेश भएको मासिक अनुगमन प्रतिवेदन उपर छलफल गरियो । प्रतिवेदनमा उल्लेख गरिएका विषयहरुलाइ प्रभावकारी रुपमा कार्यान्वयन गराउने निर्णय गरियो ।

## निर्णय नं १९

इलाम नगरपालिका वडा नं १, भालुपानीमा प्रधानमन्त्री पार्क निर्माणका लागी विस्तृत इन्जिनियरिङ प्रतिवेदन (DPR) तयार गर्ने कार्यको परामर्श सेवा खरिदका लागी तयार भएको कार्य क्षेत्रगत शर्त (ToR) र रु १२,४१,३१४/०२ (मु.अ.कर सहित) बराबरको लागत अनुमान स्वीकृत गर्ने ।चालु आ.व. मा मौजुदा सुचिमा रहेका परामर्शदाताहरुबाट प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी परामर्शदाता छनौट प्रकृया अगाडि बढाउन अनुमती प्रदान गर्ने ।

CamScanner

# इलाम नगरपालिका पाँचौ कार्यपालिका बैठकको निर्णय मिति २०८१/०८/१३

**निर्णय नं २०**

इलाम नगरपालिका वडा नं ७ स्थित चियाबारी सौन्दर्यीकरणका लागी विस्तृत इन्जिनियरिङ प्रतिवेदन (DPR) तयार गर्ने कार्यको परामर्श सेवा खरिदका लागी तयार भएको कार्य क्षेत्रगत शर्त (ToR) र रु ७,३२,४६१/७५ (मु.अ.कर सहित) बराबरको लागत अनुमान स्वीकृत गर्ने ।चालु आ.व. मा मौजुदा सुचिमा रहेका परामर्शदाताहरुबाट प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी परामर्शदाता छनौट प्रकृया अगाडि बढाउन अनुमती प्रदान गर्ने ।

**निर्णय नं २१**

इलाम नगरपालिकाको डिजिटल प्रोफाइल (वडा नं ४, ६, ९, ११ र १२ को वडा प्रोफाइल तथा १२ वटै वडाहरुको कम्पाइल समेत) निर्माण गर्ने कार्यको परामर्श सेवा खरिदका लागी तयार भएको कार्य क्षेत्रगत शर्त (ToR) र रु ८,२७,९७२/८३ (मु.अ.कर सहित) बराबरको लागत अनुमान स्वीकृत गर्ने ।चालु आ.व. मा मौजुदा सुचिमा रहेका परामर्शदाताहरुबाट प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी परामर्शदाता छनौट प्रकृया अगाडि बढाउन अनुमती प्रदान गर्ने ।

**निर्णय नं २२**

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बिच साना सिंचाइ कार्यक्रम (दोश्रो चरण) कार्यान्वयनका लागी मिति २०७७ असार १२ मा भएको द्विपक्षीय सम्झौताको समयावधी १५ जुलाइ २०२५ सम्म थप भएको जानकारी प्राप्त भए बमोजिम उल्लेखित कार्यक्रम कार्यान्वयनका लागी इलाम नगरपालिका र कार्यक्रम व्यवस्थापन तथा सहयोग परामर्शदाता (PMISC) बिच भएको समझदारीका अन्य व्यवस्थाहरु यथावत रहने गरी समझदारीको म्याद २०८२/०३/३१ तदनुसार १५ जुलाइ २०२५ सम्म थप गर्ने ।

**निर्णय नं २३**

इलाम नगरपालिका वडा नं ०४ को वडा कार्यालय भवन निर्माणका लागि प्रदेश समपुरक अनुदान अन्तर्गत चालु आ. व. मा रु ३० लाख विनियोजन भए अनुसार भवन निर्माण प्रकृया अगाडि बढाउनको निमित्त निर्माणस्थलको उपयुक्तताको सन्दर्भमा प्राविधिक प्रतिवेदनका लागि निर्देशन भए अनुरुप मिति २०८१/०८/१० मा प्राविधिक प्रतिवेदन प्राप्त भएतापनी वडा कार्यालय भवन निर्माणका लागी तत्काल अन्यत्र जग्गा व्यवस्थापन गर्न नसकिएकोले प्राविधिक प्रतिवेदनमा उल्लेख भए अनुसार मौजुदा निर्माणस्थलबाट मेची राजमार्गको क्षेत्राधिकार तथा सेट ब्याक समेत कटाइ बाँकी उपलब्ध हुने निर्माणस्थलमा वडा कार्यालय भवन निर्माण प्रकृया अगाडि बढाउन अनुमती प्रदान गर्ने ।

**निर्णय नं २४**

इलाम नगरपालिका वडा नं ७ स्थित श्री आदर्श माध्यमिक विद्यालयको च.नं. ११७ मिति २०८१/०८/११ गतेको पत्रबाट प्राप्त भएको स्वीकृत विज्ञान विषय प्रवर्द्धनका लागि विद्यालय विकास योजनाका आधारमा विद्यालयले पेश गरेको आ.व. २०८१/८२ को वार्षिक कार्यान्वयन योजना स्वीकृत गर्ने ।

**निर्णय नं २५**

इलाम नगरपालिकाको चालु आ.व. २०८१/८२ को कार्यालयको बिनियोजन राजस्व धरौटी कोषहरु तथा वडामा गइ राजस्व र जिन्सीको अवस्था समेतको आन्तरिक लेखापरीक्षण गर्नका लागि कोष तथा लेखा नियन्त्रक कार्यालय इलामलाइ अनुरोध गर्ने ।

इलाम नगरपालिका पाँचौं कार्यपालिका बैठकको निर्णय मिति २०८१/०८/१३

निर्णय नं. २६

हरित शान्ति अभियान, नेपालको मिति २०८१/०८/०७ को खानेपानी महशुल छुट सम्बन्धी निवेदन उपर छलफल हुंदा इलाम नगरपालिकाको साझेदारी संस्था भई फोहोर मैला व्यवस्थापनमा संयुक्त सहकार्य भईरहेकोले एकपटकलाई जरिवाना छुट दिन राजश्व परामर्श समितिको मिति २०८१/०८/११ को बैठकको निर्णय सहित सिफारिस भई आएको हुंदा सोही अनुसार आगामी नगरसभाबाट अनुमोदन हुने गरि जरिवाना छुट दिने निर्णय गरियो ।